# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल


प.सं.-०८३/८४

## आ.व. २०८३/८४ को आन्तरिक आयको ठेक्का सम्बन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०६/०२ )

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आरुघाट गाउँपालिका, गोरखाको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकहरुमा आ.व. २०८३/८४ का लागि बढाबढ माध्यमबाट आय ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएका प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८१/८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी उक्त कार्यमा योग्य भएको स्वघोषणा पेश गरी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ।

स्थानीय स्तरमा उत्पादन तथा संकलन भई क्षेत्राधिकार वाहिर लैजाँदा लाग्ने शुल्क- यस गाउँपालिका क्षेत्रधिकार भित्र उत्पादन तथा संकलन भई क्षेत्रधिकार वाहिर लैजादा लाग्ने वातावरण तथा कवाडी शुल्क उठाउने कार्य

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क (अग्रिम आयकर र मु.अ.कर बाहेक) | फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| ARU/REV/083/84-01 | आ.व. २०८२।८३ का लागि आरुघाट गाउँपालिका क्षेत्राधिकार भित्रको प्राकृतिक स्रोत साधन,स्थानीय उत्पादित तथा संकलित वस्तुहरु, पशु चौपाया आफ्नो क्षेत्राधिकार वाहिर लैजाँदा लाग्ने वातावरण तथा कवाडी शुल्क उठाउने कार्य | रु ३०००००।- | रु १०००।- | कवोल रकमको ५% |

शर्तहरु:

- दरभाउपत्र फारम यस कार्यलयबाट यो सूचना प्रकाशन भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रोपाइटर वा निजको आधिकारिक प्रतिनिधि बाट रितपुर्वक तोकिएको दस्तुर तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ।
- गाउँपालिकाबाट फारम खरिद गर्दा संस्था, फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको) प्रमाण पत्र तथा आर्थिक वर्ष ०८१।०८२ को कर चुक्ताको प्रमाण पत्र पेश गर्नुपर्नेछ।

फोन नं. : ०६४४१००४४, इमेल : rm.arughat@gmail.com, info@aarughatmun.gov.np, वेबसाइट :www.aarughatmun.gov.np

- खरिद गरिएका दरभाउपत्र फारमहरु नियमानुसार भरी सूचना प्रकाशित मितिले १६ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा पेश गर्नुपर्नेछ। पेश हुन आएका दरभाउपत्रहरु १६ औ दिनको २:०० वजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधिको अनुपस्थितिमा पनि दरभाउपत्र फारम खोल्न वाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट सोही समय, स्थानमा गरिने छ।

- दरभाउपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैकको आरुघाट शाखामा रहेको धरौटि खाता नं ३२१०१००३०३०१०००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा "क" वर्गको बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ९० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। कवुल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

- ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम दरभाउपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिने छ।

- स्वीकृत ठेक्का रकम एकमुष्ट पनि पेश गर्न सकिनेछ। साथै एकमुष्ट पेश गर्न नसकिने भएमा पहिलो किस्ता ५०% र दोश्रो किस्ता ५०% किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्यनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०८३ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। ५०% रकमको किस्ता सम्झौताको जेष्ठ महिना भित्र भुक्तानी गर्नुपर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन। अन्य कुराहरु सम्झौता बमोजिम हुनेछ।

- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ। अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ।

- कुनै पनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको दरभाउपत्र माथी कुनै कारवाही गरिने छैन।

- दरभाउपत्रदाताले स्थानीय उत्पादन शुल्क संकलन गर्दा उक्त आ.व.२०८३।८४ को लागी गाउँ सभाले तोकेको दररेट भन्दा वढी हुने गरीशुल्क उठाउन पाउने छैन। उक्त दररेट भन्दा वढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडिनेछ।
- ठेक्काको ठेक्का बन्दोबस्त गर्ने कर शुल्क उठाउने दररेटको विवरण दरभाउपत्र फाराम साथ उपलब्ध गराइनेछ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- यस सूचना र दरभाउपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- विस्तृत जानकारीका लागी आरुघाट गाउँपालिकाको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत